# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


प. सं.: २०८२/०८३
च. नं.: १५११

मितिः २०८३/०२/०४

श्री सम्बन्धित शिक्षकहरू (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

**विषयः खुला विषयविज्ञ सूचीकृत/नविकरण गर्ने सम्बन्धी सूचना।**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको मिति २०८३/०२/०४ गते को निर्णयानुसार सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आधारभूत र माध्यमिक तहमा रिक्त रहेका र रिक्त हुने स्वीकृत तथा करारमा शिक्षक पदपूर्ति प्रयोजनार्थ परीक्षा सञ्चालनका लागि विषयविज्ञको आवश्यकता पर्ने भएकाले तपसिलको योग्यता तथा शिक्षण अनुभव पुगेका शिक्षकहरुबाट मिति २०८३/०२/१८ गतेसम्म यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वक सूचीकृतका लागि आवेदन पेस गर्नुहुन सूचित गरिन्छ।

तपसिलः

१. माध्यमिक तह विषयगत (कक्षा ११-१२)

- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर उर्तीण गरी उच्च मा.वि. तहमा अस्थायी करार शिक्षक पदमा नियुक्ति लिई कम्तिमा २ वर्ष सेवा गरेको हुनुपर्ने।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी मा.वि. तहमा स्थायी विषयगत शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी मा.वि. तहमा अस्थायी, राहत करारमा नियुक्ति लिई कम्तिमा २ वर्ष सेवा गरेको विषयगत शिक्षक हुनुपर्ने ।

२. माध्यमिक तह विषयगत (कक्षा ९-१०)

- सम्वन्धित विषयको माध्यमिक तहको स्थायी विषय शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, शिक्षण सिकाई अनुदान, राहत करार दरवन्दीमा नियुक्ति लिई सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर योग्यता भएको र कम्तिमा २ वर्ष मा.वि. तहमा सेवा गरेको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणीमा स्नातकोत्तर गरी नि.मा.वि. वा प्रा.वि. तहमा स्थायी शिक्षक हुनुपर्ने ।

३. आधारभूत तह विषयगत (कक्षा ६-८)

- सम्वन्धित विषयको स्थायी मा.वि. वा नि.मा.वि. तहको विषयगत शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, शिक्षण सिकाई अनुदान, राहत करार दरवन्दीमा नियुक्ति लिई स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि.वा नि.मा.वि. तहमा सेवा गरेको विषयगत शिक्षक हुनुपर्ने।

- सम्वन्धित विषयमा स्नातक वा सो सरह योग्यता भएको प्रा.वि.तहको स्थायी शिक्षक हुनुपर्ने।

४. प्राथमिक तह (कक्षा १-५)

- स्थायी मा.वि. वा नि.मा.वि. वा प्रा.वि. तहको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी, राहत करार दरवन्दीमा नियुक्ति लिई स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि. वा नि.मा.वि. वा प्रा.वि तहमा सेवा गरेको शिक्षक हुनुपर्ने।

५. प्रारम्भिक बालबिकास सहजकर्ता

- स्थायी मा.वि. वा नि.मा.वि. वा प्रा.वि. तहको शिक्षक हुनुपर्ने ।
- सम्वन्धित विषयमा अस्थायी करार ,राहत करार दरवन्दीमा नियुक्ति लिई शिक्षा संकायतर्फ स्नातक वा सो सरह योग्यता भई कम्तिमा २ वर्ष मा.वि. वा नि.मा.वि. वा प्रा.वि तहमा सेवा गरेको शिक्षक हुनुपर्नु।

<u>आवश्यक कागजातहरु:</u> नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रतिलिपि, नियुक्ति पत्रको प्रतिलिपि, सेवा प्रमाणित प्रतिलिपि तथा शिक्षण पेशामा निरन्तरता खुल्ने विद्यालयको सिफारिस पत्र।

<u>आवेदन दस्तुर:</u> प्रारम्भिक बालबिकास सहजकर्ता रु ८००/-, आधारभूत तह (१-५) रु. ८००/-, आधारभूत तह (६-८) रु. १०००/-, माध्यमिक तह (९-१०) रु. १३००/-, र माध्यमिक तह (११-१२) रु. १५००/।

<u>नविकरण दस्तुर:</u> आधारभूत तह (१-५) रु. ३००/-, आधारभूत तह (६-८) रु. ५००/-, माध्यमिक तह (९-१०) रु. ७००/-, र माध्यमिक तह (११-१२) रु. १०००/।

(नोटः एउटै आवेदकले फरक तहका लागि आवेदन दिएमा छुट्टाछुट्टै आवेदन दस्तुर लाग्नेछ ।)

हरि प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत